# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।२२ गते ।

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

आ.व. २०७७।७८ मा जिल्ला रूकुम (पूर्वी भाग), पुथा उत्तरगङ्गा गाउँपालिका, वडा नं. १२ स्थित छमारीमा रहेको कृषि फर्म निर्माणमा अनियमितता गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला रूकुम (पूर्वी भाग), पुथा उत्तरगङ्गा गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत बशिष्ट नारायण यादव, इन्जिनियर खुविराज शाही, सब-इन्जिनियर कमल प्रसाद के.सी., योजना शाखा प्रमुख/कम्प्युटर अपरेटर चित्र बहादुर के.सी., कृषि प्राविधिक/नायब प्राविधिक सहायक ओम प्रकाश ओली, सह-लेखापाल नवराज खड्का, १२ नं वडाका वडा अध्यक्ष गंगा बहादुर पुन र पुथा हिमालयन अर्गानिक कृषि प्रा.लि. र सो का अध्यक्ष सुजन पुनसमेतको आपसी मिलेमतो तथा योजनामा आ.व. २०७७।०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सङ्घीय सःशर्त अनुदानबाट बजेट सुनिश्चित भएको कागती पकेट विकास कार्यक्रम गाउँपालिकाको वडा नं. १२ स्थित छमारीमा सञ्चालन गर्न मिति २०७७।१२।२५ मा सम्झौता गरी कागती पकेट विकास सम्बन्धी योजनाको कार्य गर्दा इस्टमेट बमोजिमको कार्य नगरी फिल्डमा नभएको नगरेको काम नापी किताबमा भएको देखाई वास्तविक रूपमा हुँदै नभएको काम भएको भनी बढी मूल्याङ्कन गरी गराई रू.११,६९,७६०।– (एघार लाख उनान्सत्तरी हजार सात सय साठी रूपैयाँ) भुक्तानी लिई दिई सरकारी सम्पत्ति हिनामिना, हानिनोक्सानी एवं दुरूपयोग गरे गराएको पुष्टि भएकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | पुथा उत्तरगङ्गा गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **बशिष्ट नारायण यादव** र वडा नं. १२ का तत्कालीन वडा अध्यक्ष **गंगा बहादुर पुन** | **जनही** रु.११,६९,७६०।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रू. एघार लाख उनान्सत्तरी हजार सात सय साठी रुपैयाँ बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ ( पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना हानिनोक्सानी भएको रकम असूल उपर हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुनसमेत मागदाबी लिइएको छ। |
| २. | पुथा उत्तरगङ्गा गाउँपालिकाका तत्कालीन | रु.११,६९,७६०।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रू. एघार लाख उनान्सत्तरी हजार सात सय साठी |

| | | | |
|---|---|---|---|
| | इन्जिनियर **खुविराज शाही** र सब-इन्जिनियर **कमल प्रसाद के.सी.** | | रुपैयाँ बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना हानिनोक्सानी भएको रकम असूल उपर हुन तथा नभएको काम भए गरेको भनी गलत निर्णय पुस्तिका तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुनसमेत मागदाबी लिइएको छ। |
| ३. | पुथा उत्तरगङ्गा गाउँपालिकाको तत्कालीन योजना शाखा प्रमुख/कम्प्युटर अपरेटर **चित्र बहादुर के.सी.**, तत्कालीन कृषि प्राविधिक/नायब प्राविधिक सहायक **ओम प्रकाश ओली** र तत्कालीन सह-लेखापाल **नवराज खड्का** | **जनही** रु.११,६९,७६०।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रू. एघार लाख उनान्सत्तरी हजार सात सय साठी रुपैयाँ बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना हानिनोक्सानी भएको रकम असूल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | **पुथा हिमालयन अर्गानिक कृषि प्रा.लि.** र सो का अध्यक्ष/प्रोप्राइटर **सुजन पुन** | रु.११,६९,७६०।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको देखिँदा मुख्य कसुरदारलाई रू. एघार लाख उनान्सत्तरी हजार सात सय साठी रुपैयाँ बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हिनामिना हानिनोक्सानी भएको रकम असूल उपरका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह नै सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने